नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेडको (SHLB) साधारण शेयर सूचीकरण गरिएको

## सूचना

आज मिति २०७९/०७/२८ का दिन नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड (नेप्से सिम्बोल SHLB) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको १०,९३,७५० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष सन्राइज क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । कम्पनीले सर्वसाधारण लगानीकर्ताहरुमा (कर्मचारी समेत) वितरण गरिएको ३,९३,७५० कित्ता (३६%) र कम्पनीका संस्थापकहरुले लगानी गरेको ७,००,००० कित्ता (६४%) शेयर (धितोपत्र) समेत गरी जम्मा १०,९३,७५० कित्ता (१००%) साधारण शेयर वितरण भई धितोपत्र सूचिकरण विनियमावली, २०७५ बमोजिम मिति २०७९/०८/२६ गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : मिति २०७९/०८/२७ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र उक्त कम्पनी बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय सिराहा जिल्ला, गोलबजार न.पा.वडा नं.०७, चोहर्वा रहेको र सूचीकरण पश्चात् दिनु पर्ने RTS सेवा सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा
नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।

मिति : २०७९/०८/२७

फोन नं.: ०१-४२५०७५५/५६/५८